पटेर्वा सुगौली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा
मधेश प्रदेश, नेपाल

पटेर्वा सुगौली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पटेर्वा सुगौली, पर्सा मधेश प्रदेश, नेपाल २०७३

## नदीजन्य पदार्थको बिक्रिमा लागि बोलपत्र आव्हान सम्वन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०७।०३**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) र सार्वजनिक खरिद ऐन २०६३ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी पटेर्वा सुगौली गाउँपालिकाको तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०७९।०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएकोछ ।

| सि.नं | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घन फिट) | न्युनतम बोलपत्र रकम ( सेवा शुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | बेलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | 02/Riv/2080-081 | जमुनिया खोलाबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी र वालुवा उत्खनन् र बिक्रि) | ८,३५,९६७ घ.फि. | ४१,७९,८३५।- | कबोल अंकको ५ (पाँच प्रतिशत) | ३०००।- |

शर्तहरु:

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, बोलपत्र फारम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा सानिमा बैंक शाखा कार्यालय पटेर्वा सुगौली गाउँपालिका मा रहेको यस कार्यालयको खाता नं. ०६४०१००४००००००८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथम प्रकाशन भएको मितिले ३० औं दिनको

**सन्देश कुमार** ...
**प्रमुख प्रशासकीय अधिकृत**

कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्वन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको सानिमा बैंकमा रहेको धरौटी खाता न. ०६४०१००२००००००५ जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको राष्ट्रिय बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएकृ मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नाम नामबाट दाखिला गर्न पाईने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्वन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निमार्ण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र समवन्धी विस्तृत जानकारी बोलपत्र सम्वन्धी फारममा उल्लेख गएिको हँदा सोही पुस्तिकाबाट अवगत गर्न यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सो को सुचना पाएको वा घरदैलोमा सुचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मु.अ.कर दर्ता प्रमाण पत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुन आउने रकम अनिवार्य बुझाउनु पर्नेछ । दास्रो किस्ता वापत ५०

**सन्देश कुमार यादव**
प्रमुख प्रशासकीय अधिकृत

प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८१ साल भाद्र मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरि पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ती वा फर्मले आफु कबोल गरेको अंकको हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम र १.५ प्रतिशत अग्रिम आयकर वापतको रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरि नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४, सम्वन्धित स्थानिय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८. जमुनिया खोलाबाट नदिजन्य पदार्थ उत्खनन् क्षेत्र वनपथ देखि उत्तर पर्सा राष्ट्रिय निकुन्जको सिमाना १०९७ मि. सम्मको क्षेत्रलाई कायम गरिएको छ ।

९. उत्खनन् क्षेत्रबाट नदिजन्य पदार्थ ढुवानी गर्ने मुख्य बाटो मर्मत संभार गर्ने जिम्मेवारी स्वयं पट्टा लिने ठेकेदारको हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

२०८०।६।३

**सन्देश कु...**

**प्रमुख प्रशास**कीय अधिकृत